सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश डा.श्री मनोजकुमार शर्मा
माननीय न्यायाधीश श्री अव्दुल अजीज मुसलमान
माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना

**फैसला**

०७६-NF-००२८

मुद्दाः लागू औषध।

| | |
|---|---|
| प्रहरी सहायक निरीक्षक रुद्रप्रसाद न्यौपाने समेतको प्रतिवेदनले नेपाल सरकार...........................................................................१ | पुनरावेदक वादी |

विरुद्ध

| | |
|---|---|
| जिल्ला काठमाडौं, धर्मस्थली गा.वि.स. वडा नं. ५ घर भै हाल कारागार कार्यालय भीमफेदी, मकवानपुरमा थुनामा रहेका सागर कार्की ............१<br>जिल्ला काठमाडौं, धर्मस्थली गा.वि.स. वडा नं. ५ घर भै हाल कारागार कार्यालय भीमफेदी मकवानपुरमा थुनामा रहेका भुवन के.सी. .............१ | प्रत्यर्थी प्रतिवादी |

सुरु तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री टेकनारायण कुँवर
मकवानपुर जिल्ला अदालत
फैसला मितिः २०६८।१२।२१

पुनरावेदन तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री दिनेशकुमार कार्की
माननीय न्यायाधीश श्री सत्यमोहन जोशी थारु
पुनरावेदन अदालत हेटौंडा
फैसला मितिः २०६९।१२।६

यस अदालतको संयुक्त इजलासबाट फैसला गर्ने:

मानननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
फैसला मितिः २०७४।३।२६

यस अदालतबाट पुनरावलोकनको अनुमति प्रदान गर्ने:-

माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री कुमार रेग्मी
आदेश मितिः २०७६।१०।१६

यस अदालतको संयुक्त इजलासको मिति २०७४।३।२६ को फैसलाउपर न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२)(ख) बमोजिम वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावलोकनको निवेदनउपर पूर्ण इजलासबाट मिति २०७६।१०।१६ मा पुनरावलोकनको अनुमति प्रदान भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ:-

तथ्य खण्ड

१. मिति २०६८।८।१८ गते अन्दाजी २३:०० बजेको समयमा जिल्ला मकवानपुर, चुरियामाइ-३ स्थित सडकमा सवारी साधनहरू रोकी चेकजाँच गर्ने क्रममा पिसाब फेर्न ओर्लेका भुवन के.सी. र सागर कार्की समेतको तलासी गर्दा भुवन के.सी.को साथबाट लागू औषध खैरो हेरोइन २४ ग्राम फेला परेको र दुबैजनाले हामीले रक्सौलबाट खरिद गरी ल्याएको भनेको हुँदा निज प्रतिवादीहरूलाई कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको प्रहरी सहायक निरीक्षक रुद्रप्रसाद न्यौपाने समेतको प्रतिवेदन।

२. जिल्ला मकवानपुर, चुरियामाइ-३ स्थित सडकमा सवारी साधनहरू चेकजाँच गर्दा पिसाब फेर्न ओर्लेका भुवन के.सी.समेतको साथबाट लागू औषध खैरो हेरोइन २४ ग्राम बरामद भएको हो भन्नेसमेत बेहोराको बरामदी मुचुल्का।

३. मिति २०६८।८।१८ गते म तथा मेरो साथी सागर कार्की काठमाडौंबाट पर्सा जिल्लाको परबानीपुरस्थित केडिया आँखा अस्पताल नजिक गई बरामद लागू औषध खैरो हेरोइन म

तथा साथी सागर कार्कीले आधा आधा रकम हाली ने.रु.७,५००।- मा सोही स्थान बस्ने
यकिन नाम, थर, वतन थाहा नभएको नरेश भन्ने व्यक्तिसँग खरिद गरी बसमा चढी
काठमाडौंतर्फ जानका लागि आउँदै गर्दा जिल्ला मकवानपुर चुरियामाई-३ स्थित सडकमा
आई पुगी बसबाट ओर्ली पिसाब फेर्न लाग्दा प्रहरीले म तथा मेरो साथी सागर कार्कीको
शरीर खानतलासी गर्दा मैले लगाएको पाइन्टको खल्तीबाट लागू औषध खैरो हेरोइन फेला
पारी म तथा साथीलाई पक्राउ गरेको हो। बरामद लागू औषध म तथा मेरो साथी सागर
कार्कीले सेवन गर्नका लागि ल्याएको हो भन्नेसमेत बेहोराको **प्रतिवादी भुवन के.सी.ले**
**अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।**

४. म तथा मेरो साथी भुवन के.सी. काठमाडौंबाट मिति २०६८।८।१८ गते वीरगन्ज नजिक
परबानीपुरस्थित केडिया आँखा अस्पताल नजिक गई नरेश भन्ने व्यक्तिसँग बरामद भै
आएको लागू औषध खैरो हेरोइन २४ ग्राम दुबै जनाले आधाआधा रकम हाली ने.रु.
७,५००।- मा खरिद गरी बसमा चढी काठमाडौंतर्फ जानका लागि आउँदै गर्दा जिल्ला
मकवानपुर चुरियामाइ ३ स्थित सडकमा आई पुगी बसबाट ओर्ली पिसाब फेर्न लाग्दा
प्रहरीहरू आई दुबै जनाको शरीर चेकजाँच एंव खानतलासी गर्दा भुवन के.सी.ले लगाएको
पाइन्टको खल्तीबाट लागू औषध फेला पारी दुबैजनालाई पक्राउ गरेको हो। बरामद लागू
औषध म तथा मेरो साथी भुवन के.सी. आफैंले सेवन गर्नका लागि ल्याएको हो भन्नेसमेत
बेहोराको **प्रतिवादी सागर कार्कीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।**

५. प्रतिवादी भुवन के.सी. र सागर कार्कीको घर खानतलासी गर्दा लागू औषध मुद्दामा प्रमाण
लाग्ने चिजवस्तु फेला नपरेको भन्नेसमेत बेहोराको **घर खानतलासी मुचुल्का।**

६. परीक्षणको लागि पठाइएको नमुनामा हेरोइन पाइएको भन्नेसमेत बेहोराको **केन्द्रीय प्रहरी**
**विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन।**

७. मिति २०६८।८।१८ गते अन्दाजी २३:०० बजेको समयमा जिल्ला मकवानपुर,
चुरियामाइ गा.वि.स. वडा नं. ३ स्थित सडकमा प्रहरी कर्मचारीहरूले सवारी साधनहरू रोकी
चेकजाँच गर्ने क्रममा पिसाब फेर्न उत्रेका प्रतिवादी भुवन के.सी. समेतको शरीर तलासी
गर्दा भुवन के.सी.को साथबाट लागू औषध खैरो हेरोइन २४ ग्राम फेला पारी पक्राउ गरेको
हो भन्नेसमेत बेहोराको **बुझिएका मानिसहरू रमेश लामा, उमेश बल र हेमराज क्षेत्रीले गरी**

दिएको घटना विवरण कागज।

८. प्रतिवादीहरू भुवन के.सी. र सागर कार्कीले बरामद लागू औषध खैरो हेरोइन सेवन गर्नका लागि भनी खरिद र ओसारपसार गरी लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा (४)(च) र (छ) को कसूर गरेकोले निजहरूलाई सोही ऐनको दफा १४(१) (छ) (१) बमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको अभियोग मागदाबी।

९. म र सागर कार्की मेरो फुपु दिदीको घर हेटौंडा सानोपोखरामा मिति २०६८।८।१८ गते आएकोमा वीरगन्ज केडिया आँखा अस्पतालमा मिति २०६८।८।१८ गते सागरको आँखा जँचाउन गएकोमा मलाई करिब २ वर्ष पहिलादेखि साथीहरूको संगतमा लागू औषध सेवन गर्ने बानी परेको हुँदा उक्त आँखा अस्पताल बाहिर मैले नामथर नचिनेको व्यक्तिसँग भेट भई गफ हुँदा निजले मसँग खान ल्याएको लागू औषध खैरो हेरोइन छ, रु.७,५००।-पर्छ भनेको हुँदा हामी दुबैजना सेवन गर्ने बानी परेको साथी हुँदा दुबैजनाको आधाआधा पैसा मिलाई सेवन गर्न १५ दिनको डोजको लागि भनी लिई एक डोज हामी दुबैजनाले लिई खाई हेटौंडा आउन भनी बसमा चढी आउँदा प्रहरीले चेक जाँच गर्दा बसको सिटमुनी राखेको ठाउँबाट लागू औषध बरामद भएको हो। हामी लागू औषध खाई लठ्ठ अवस्थामा रहेको हुँदा शङ्का लागि प्रहरीले चेकजाँच गरेको हो। बरामद लागू औषध हामी दुबै जनाले सेवन गर्न ल्याएको हो, बिक्री वितरण गर्न ल्याएको होइन। म लागू औषध सेवन गर्ने भएर उपकार नेपाल सुधार केन्द्र टोखा काठमाडौंमा मिति २०६७।३।६ गतेबाट १०० दिन उपचारको लागि बसेको समेत छु। मलाई अभियोग मागदाबी बमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी भुवन के.सी.ले सुरु अदालतमा गरेको बयान।

१०. साथी भुवन के.सी.को फुपुको घर हेटौंडा आउदा मैले पहिलादेखि आँखा जचाई आएको केडिया आँखा अस्पताल परबानीपुरमा २०६८।८।१८ गते गई आँखा जचाई बाहिर आउदा एक जना मधेस मुलका मानिससँग भेट भयो। म तथा भुवन के.सी.ले साथीहरूको संगतमा करिब २ वर्ष अगाडिदेखि लागू औषध सेवन गरी आएको र निज भेट भएका मधेस मुलका मानिसले बरामद भएको लागू औषध रु.७५००।- पर्छ भनेकोले हामी दुबैजनाले बराबर पैसा हाली खरिद गरी १ डोज खाई बस चढी हेटौंडा आउन लागदा नशाले लठ्ठ रहेको देखी प्रहरीले चेकजाँच गर्दा हामीले खरिद गरी ल्याएको लागू औषध बसको सिटबाट बरामद गरेको हो। उक्त लागू औषध बिक्री वितरण गर्न ल्याएको होइन। सेवन गर्न

ल्याएको हुँदा अभियोग मागदाबी बमोजिम सजाय पाउनुपर्ने होइन। मैले लागू औषध सेवन
गरेकोमा उपकार नेपाल सुधार केन्द्र टोखा काठमाडौंबाट समेत उपचार गराएको छु
भन्नेसमेत बेहोराको **प्रतिवादी सागर कार्कीले सुरु अदालतमा गरेको बयान।**

११. यी प्रतिवादीहरू सागर कार्की र भुवन के.सी. कसूरदार होइन रहेछन् भन्न सकिने अवस्था
हाल विद्यमान नहुँदा पछि थप प्रमाणहरू बुझ्दै जादा ठहरेबमोजिम हुने गरी विशेष अदालत
ऐन, २०५९ को दफा ७(ङ) बमोजिम पुर्पक्षका लागि थुनामा राख्नु भन्नेसमेत **बेहोराको
सुरु अदालतबाट भएको आदेश।**

१२. प्रतिवादीहरू दुबैजना लठ्ठ परेको, चेकजाँच गर्दा प्रतिवादी भुवन के.सी.को साथबाट लागू
औषध खैरो हेरोइन बरामद भएकोले प्रतिवेदनसाथ निंज प्रतिवादीहरू सागर कार्की र भुवन
के.सी.लाई पक्राउ गरी पेस गरेको हो भन्नेसमेत बेहोराको **प्रतिवेदक प्रहरी जवान सुरेन्द्र
साहले सुरु अदालतमा गरेको बकपत्र।**

१३. प्रतिवादी भुवन के.सी.ले २/३ वर्ष अगाडिदेखि साथीहरूको संगतमा परी लागू औषध सेवन
गरी आएका थिए। निजले आफैंले सेवन गर्न भनी लागू औषध खैरो हेरोइन लिई हिंडेको
अवस्थामा पक्राउ परेका हुन्। खरिद बिक्री गर्ने काम गर्दैनन् भन्नेसमेत बेहोराको **प्रतिवादी
भुवन के.सी.का साक्षी मदन के.सी.ले सुरु अदालतमा गरेको बकपत्र।**

१४. प्रतिवादी सागर कार्की २/३ वर्ष अगाडिदेखि लागू औषध सेवन गर्ने गर्दा रहेछन्।
अभिभावकले थाहा पाई सुधार केन्द्रमा राखेका थिए। निज लागू औषध सेवन गर्ने मानिस
हुन्। बिक्री वितरण, ओसारपसार गर्ने मानिस होइनन् भन्नेसमेत बेहोराको **प्रतिवादी सागर
कार्कीको साक्षी मनोज कार्कीले सुरु अदालतमा गरेको बकपत्र।**

१५. प्रतिवादीहरू भुवन के.सी. र सागर कार्कीले अभियोग दाबी अनुसारको कसूर गरेको प्रमाणित
हुन आएको देखिंदा निज प्रतिवादीहरूलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा
४(च)(छ) को कसूरमा सोही ऐनको दफा १४(१)(ङ) र (छ) अनुसार जनही क्रमशः
सेवनतर्फ १(एक) वर्ष कैद र लागू औषध खरिद संचय र ओसारपसारतर्फ ८(आठ) वर्ष
कैद र रु.२०,०००।- (बीस हजार रुपैयाँ) जरिबाना हुने ठहर्छ भन्नेसमेत बेहोराको
**मकवानपुर जिल्ला अदालतबाट मिति २०६८।१२।२१ मा भएको फैसला।**

१६. हामी लागू औषध सेवन गर्ने व्यक्ति भएको र लागू औषध सेवन गरेकै अवस्थामा पक्राउ

परेको कुरा प्रतिवेदन, प्रतिवेदकको बकपत्र, हाम्रो बयान र उपकार नेपाल सुधार केन्द्र टोखाको पत्रबाट स्पष्ट छ। बरामद भएको लागू औषध हामीहरू दुबैजनाले सेवन प्रयोजनको लागि १२/१२ ग्राम हुने गरी ३७५०/३७५० रुपैयाँ रकम तिरी खरिद गरेका हौं। केबल एक ठाउँबाट किनी आफ्नो घर जान हिँडेको कारणले ओसारपसार भन्न मिल्दैन। लागू औषध हेरोइन सहजै बजारमा पाईने वा नेपालमा उत्पादन हुने वस्तु होइन। हामी काठमाडौंमा घर बसोबास भएका सेवनकर्ताले सजिलै सधैं काठमाडौंमा उक्त चिज नपाउने भएकोले काम विशेषले वीरगन्जतिर जाँदा उक्त वस्तु फेला पारी सेवन गर्नको लागि न्यून मात्रामा खरिद गरी लिई घरतर्फ जाँदै गरेको अवस्थालाई खरिद बिक्री, ओसारपसारसमेत भनी मान्न मिल्दैन। हामीसँग ३५००/४००० रुपैयाँ हुनु कुनै ठुलो रकम होइन। तसर्थ, हामी सेवनकर्ता मात्र भएको सम्पूर्ण कुरा पुष्टि हुँदाहुँदै सोलाई प्रमाण नलगाई प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ विपरीत भएको फैसला बदर उल्टी गरी सेवनतर्फ मात्र सजाय गरी न्याय पाउँ भन्नेसमेत बेहोराको **प्रतिवादीहरू सागर कार्की र भुवन के.सी.को पुनरावेदन अदालत हेटौंडासमक्षको संयुक्त पुनरावेदनपत्र।**

१७. यसमा बरामद भै आएको लागू औषधको परिमाण, प्रतिवादीहरूले सेवनतर्फसम्म कसूर स्वीकार गरेको अवस्था विद्यमान रहेको सन्दर्भमा प्रमाण मूल्याङ्कनको दृष्टिकोणबाट सुरुको फैसला विचारणीय देखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई नियमानुसार पेस गर्नू भन्ने **पुनरावेदन अदालत हेटौंडाबाट भएको आदेश।**

१८. पुनरावेदक/प्रतिवादीहरूले अदालत तथा अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान, बरामदी मुचुल्का सहितका मिसिल संलग्न सबुत प्रमाणबाट लागू औषध खैरो हेरोइन खरिद गरी ओसारपसार गरी सेवन समेत गरी लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च)(छ) बमोजिम कसूर गरेको देखिन आएबाट प्रतिवादी भुवन के.सी. र सागर कार्कीलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) र (छ) को कसूरमा सोही ऐनको दफा १४(१)(ङ) र (छ)(१) अनुसार जनही क्रमशः सेवनतर्फ एक वर्ष कैद र लागू औषध खरिद, सञ्चय र ओसारपसारसमेत तर्फ ८(आठ) वर्ष कैद र रु.२०,०००।- (बीस हजार) जरिबानासमेत हुने ठहऱ्याई मकवानपुर जिल्ला अदालतले मिति २०६८।१२।२१ मा गरेको फैसला मनासिव देखिँदा सदर हुने ठहर्छ भन्ने **पुनरावेदन अदालत हेटौंडाबाट मिति**

२०६९।१२।६ मा भएको फैसला।

१९. म लागू औषध सेवनकर्ता भएको, प्रहरीले अदालतमा बकपत्र गर्दा लठ्ठ परेको अवस्थामा पक्राउ परेको कुरा पुष्टि गरी बकपत्र गरेको, उपकार नेपाल सुधार केन्द्र काठमाडौंमा उपचार गरी सुध्रन प्रयास गरेको र उक्त केन्द्रबाट पत्राचारसमेत भएको, अदालतमा र अनुसन्धानमा समेत यथार्थ बयान गरी सहयोग गरेको समेतका आधारबाट सेवनकर्ता देखिंदा देखिंदै लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम सेवनकर्ता ठहऱ्याई सजाय गरिसकेपछि पुन एउटै बरामदीबाट दुई कसूर स्थापित गरी ऐ को दफा १४(१)(छ)(१) बमोजिम न्यूनतम सजाय नगरी उपल्लो हदको सजाय हुने गरी भएको सुरु अदालतको फैसलालाई नै सदर गर्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाको फैसला बदर गरी १४(१)(ङ) बमोजिम सजाय होस् भन्नेसमेत बेहोराको **प्रतिवादी सागर कार्कीको मुद्दा दोहोऱ्याई हेरी पाउँ भन्ने निवेदनपत्र।**

२०. म समेतका प्रतिवादीहरूले प्रहरीको बयानलाई पूर्ण इन्कार गरी अदालतसमक्ष बयान गरेको अवस्था छ। कसैले कसैउपर पोल गरेको स्थिति पनि छैन। अदालत बाहिरको साविती प्रमाण ऐन, २०३१ को दफा ९(२) विपरीत रहेको छ। घटनास्थल तथा बरामदी मुचुल्कामा सही गर्ने लक्ष्मण गोले, राकेश श्रेष्ठ र रामबहादुर खत्रीलाई बुझिएको छैन। प्रतिवेदक प्रहरीले प्रतिवादीहरू लागू औषध सेवन गरी लठ्ठ परेको अवस्थामा पक्राउ परेको भनी लेखाएको कुरालाई प्रमाणमा लिइएको छैन। लागू औषध मबाट बरामद भएको नभई बसको सिटमुनीबाट बरामद भएको अवस्था समेतबाट म उपरको लागू औषधको अभियोग पुष्टि हुन नसक्ने हुँदा पुनरावेदन अदालतबाट लागू औषध ओसारपसारमा समेत सजाय गरेको फैसला बदर गरी इन्साफ पाउँ भन्नेसमेत बेहोराको **प्रतिवादी भुवन के.सी.को मुद्दा दोहोऱ्याई हेरी पाउँ भन्ने निवेदन।**

२१. निवेदकहरूले मौकामा बयान गर्दा साथीले वीरगन्जमा सस्तोमा पाइन्छ भने अनुसार सेवन प्रयोजनका लागि सस्तोमा लागू औषध खरिद गर्न गएको र पहिलो पटक कारोबार गरेको भनी ओसारपसार गरेको भन्नेसम्म उल्लेख भएको अवस्थामा सेवनसम्मको लागि प्रतिवादीहरूले खरिद र ओसारपसार गरेको देखियो। प्रतिवादीहरू परवानीपुर पर्सासम्म पुगेर लागू औषध ओसारपसार गरेको निजहरूसँग यी प्रहरीको कसरी सम्पर्क भयो त्यसलाई खुलाउन नसकेकोले लागू औषध कारोबारीसंग प्रतिवादीहरूको गोप्य सञ्जाल रहेछ भन्ने

अनुमान गर्न सकिन्छ भन्ने बेहोरा उल्लेख भै सुरुले प्रतिवादीहरूलाई कैद वर्ष ८ गरेको हकमा दूर्व्यसनमा परेकाहरूले लागू औषध खोज्दै वीरगन्ज जानु अस्वभाविक नभएकोले पक्राउ पर्दा समेत लठ्ठिएका प्रतिवादीहरू सो खरिद गर्न परबानीपुर गएको कारणबाट मात्रै कारोबारीसँग गोप्य सन्जाल रहेको अनुमान गर्नु कानून बमोजिमको अनुमानभित्र पर्ने देखिँदैन। अपराधको मात्रा अनुसार सजाय तोक्नुपर्ने कुरा लागू औषध (नियन्त्रण) ऐन, २०७३ को दफा १४ मा उल्लेख भै कानूनले नै सो कुरालाई बाध्यात्मक बनाएकोमा ठोस प्रमाणबाट गोप्य सञ्जालसँग प्रतिवादीहरूको सम्पर्क रहेको कुरा पुष्टि हुन नसकेको यस्तो गोप्य सञ्जाल रहितको ओसारपसारमा भएको ८(आठ) वर्षको कैद सजाय दफा १४ मा उल्लिखित अपराधको मात्रासँग नमिलेको र लागू औषध (नियन्त्रण) ऐन,२०७३ ले दण्ड मात्र होइन कूलतमा परेका दूर्व्यसनीको सुधार गर्ने उद्देश्यसमेत लिएको कुरा ऐ.ऐनको दफा १४(१)(ङ)(ज) र १९ बाट समेत स्पष्ट भएकोले ती कानूनहरूको त्रुटि गरी सुरुबाट भएको फैसलामा न्याय प्रशासन ऐन,२०४८ को दफा १२(१) (क) (ख) को अवस्था विद्यमान देखिँदा निस्सा प्रदान गरिदिएको छ भन्ने यस अदालतबाट मिति २०७१।०७।२८ मा भएको आदेश।

२२. प्रतिवादीहरू सागर कार्की र भूवन के.सी.लाई लागू औषध (नियन्त्रण) ऐन,२०३३ को दफा ४(च) को कसूर कायम गरी सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम ८(आठ) वर्ष कैद र रु.२०,०००।-(बीस हजार रुपैयाँ) जरिबाना गर्ने ठहर गरेको हदसम्म पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।१२।६ को फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी भई दफा १४(१)(छ)(१) तर्फको अभियोग दाबीबाट प्रतिवादीहरूले सफाई पाउने ठहर्छ। सेवनतर्फ लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (ङ) बमोजिम प्रतिवादीहरूलाई १(एक) वर्ष कैद सजाय गरेको हदसम्म पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मनासिब देखिँदा सो हदसम्म सदर हुन्छ भन्ने यस अदालतको संयुक्त इजलासबाट मिति २०७४।३।२६ मा भएको फैसला।

२३. उपरोक्त आधारहरू लिई भएको प्रस्तुत फैसला लागू औषध (नियन्त्रण) ऐन,२०३३ को प्रस्तावनाको प्रतिकूल छ। लागू औषध (नियन्त्रण) ऐन, २०३३ को प्रयुक्त प्रस्तावनाको शब्दावली हेर्दा सर्वसाधारण जनताको सदाचार,स्वास्थ्य,सुविधा र आर्थिक हित कायम राख्नको लागि लागू औषधको खेती उत्पादन,निर्माण,खरिद बिक्री,सञ्चय,ओसारपसार,सेवन

तथा निकासी पैठारी समेतमा नियन्त्रण गर्ने भन्ने उल्लेख भएकोले विधायिकाले उक्त कानून लागू औषध सम्बन्धी सम्पूर्ण कार्यलाई नियन्त्रण गर्ने उद्देश्यले सो सम्बन्धी सम्पूर्ण कार्यलाई अपराधीकरण गरेको छ, खेती गर्नु छुट्टै अपराध, ओसारपसार गर्नु छुट्टै अपराध, खरिद र बिक्री अर्को अपराधको कोटीमा राखेको तथ्य स्पष्ट छ। अतः विधायिकाले सेवन गर्नेको लागि छुट्टै सजाय र खेती गर्ने, बिक्री गर्ने र ओसारपसार गर्नेलाई छुट्टै सजायको व्यवस्था गरेको छ। प्रतिवादीहरू उपर लगाइएको अभियोगको बेहोरा हेर्दा पक्राउ परेका भुवन के.सी. र सागर कार्कीले बरामद लागू औषध खैरो हेरोइन सेवन गर्नका लागि भनी खरिद र ओसारपसार गरी लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) र (छ) को कसूर गरेको भनी स्पष्ट उल्लेख गरिएको छ। ऐनको खण्ड (च) मा लागू औषध खरिद गर्ने, सञ्चय गर्ने, राख्ने वा ओसारपसार गर्ने र गाँजा बाहेक अन्य लागू औषध सेवन गर्ने भन्ने उल्लेख भएको र बिक्री सम्बन्धी छुट्टै दफा उल्लेख भएको छैन। प्रतिवादीहरूले अदालत समक्षको बयानमा रु.७,५००।- मा खरिद गरेको भनी खुलाएको देखिँदा नेपाल सरकारले दाबी लिएको खरिद गरेको भन्ने कसूर स्थापित भएको छ। ऐनमा खरिद गर्ने कार्यलाई समेत कसूर कायम गरेको र दण्ड सजाय निर्धारण गर्ने दफा १४ को उपदफा (१) को खण्ड (छ) मा अफिम, कोका वा सोबाट बनेको लागू औषधको सेवन र खेती गर्ने बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई भन्ने शब्द उल्लेख भएबाट लागू औषध ओसारपसार र खरिद गर्ने कार्यलाई पनि सोही दफा आकर्षित हुन्छ। प्रतिवादीले लागू औषध सेवन गर्दागर्दैको अवस्थामा पक्राउ परेको नभई सेवन गरी सकेपछि सेवन गर्नका लागि भनेर किनेर ल्याएको लागू औषध ओसारपसार गर्दागर्दैको अवस्थामा पक्राउ परेको स्पष्ट छ। प्रतिवादीहरूबाट एकै पटक लागू औषध सम्बन्धी तीनवटा कसूर भएको देखिएको छ। प्रतिवादीले काठमाडौंदेखि वीरगन्जसम्म गई लागू औषध खरिद गर्नु, उक्त लागू औषध ओसारपसार गर्नु र सेवन गर्नु तीनवटा कार्य भएको र बरामदी लागू औषधको मात्रासमेत ठुलो भई त्यसको बिक्री मूल्यसमेत लाखौंमा हुने भएबाट निजहरूको कार्य ऐ. दफा १४(१)(छ)(१) बमोजिमको भएको हुँदा प्रस्तुत फैसला बदरभागी छ। प्रतिवादीको साथबाट ठुलो परिमाण २४ ग्राम खैरो हेरोइन बरामद भएको र सोको बजार मूल्यसमेत अत्यधिक हुने र त्यति ठुलो परिमाण ओसारपसार गर्ने, खरिद गर्ने व्यक्तिलाई केवल सेवनमा मात्रै सजाय भएको फैसला त्रुटिपूर्ण छ। कुनै व्यक्तिको साथबाट ठुलो परिमाण मात्रामा लागू औषध

बरामद हुन्छ भने उसलाई सेवनको मात्र सजाय हुन नसक्ने सेवन गर्नेले एक दुई डोजसम्म सेवन गर्ने प्रयोजनको लागि साथमा राख्न सक्ने भन्ने देखिन्छ भनी ने.का.प २०६९, अंक ११, नि.नं. ८९२३, नेपाल सरकार वादी विरुद्ध अर्जुन भोटे भन्ने जीतबहादुर खत्री भएको लागू औषध मुद्दामा सिद्धान्त प्रतिपादित भएको हुँदा प्रस्तुत फैसला बदरभागी छ। लागू औषध खैरो हेरोइन बरामद हुनुभन्दा पहिला नै लागू औषध सेवनको लागि उपचार गराएको भए तापनि त्यसबाट हालसम्म प्रतिवादी उपचारमा नै रहेको भन्ने पनि नदेखिएकाले पहिलो उपचार गरेको आधारमा ठुलो परिमाण ७ ग्राम खैरो हेरोइन बरामद भएको अवस्थामा सेवन मात्रै नठहर्ने खरिद बिक्रीको कसूरसमेत हुने भनी सम्मानित सर्वोच्च अदालतबाट पुनरावेदक प्रतिवादी प्रदिप बस्नेत प्रत्यर्थी वादी नेपाल सरकार भएको सम्वत् २०६५ सालको स.फौ.पु.नं. ०६५-CR-००९१ मुद्दामा सिद्धान्त प्रतिपादन भएको र प्रस्तुत मुद्दाका प्रतिवादीले पेस गरेको नेपाल सुधार केन्द्र, टोखामा उपचार गराएको भन्ने आधारमा सेवन मात्र ठहर्ने गरी भएको फैसला उल्लिखित सिद्धान्त समेतको आधारमा त्रुटिपूर्ण देखिएकोले पुनरावलोकन अनुमति प्रदान भई अभियोग मागदाबी बमोजिम सजाय गरी पाउन सादर अनुरोध छ। अतः उल्लिखित आधार एवं कारणबाट सम्मानित अदालतको संयुक्त इजलासबाट मिति २०७४।०८।२७ मा भएको फैसला पूर्व नजिरसँग बाझिइ न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा २ को खण्ड (ख) को अवस्था विद्यमान भएकोले प्रस्तुत मुद्दा पुनरावलोकनको रोहमा हेरी अभियोग दाबीबमोजिम प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने **वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावलोकनको निवेदन।**

२४. यसमा प्रतिवादीहरूमध्येका भुवन के.सी.को साथबाट २४ ग्राम लागू औषध (खैरो हेरोइन) बरामद भएको देखिन्छ। उक्त लागू औषध वीरगन्जको केडिया आँखा अस्पताल नजिकबाट आफूहरू दुबै जनाले रु.७,५००।- मा आधा आधा पैसा मिलाई खरिद गरेको तथ्यलाई प्रतिवादी सागर कार्की र भुवन के.सीले स्वीकार गरी अनुसन्धानको क्रममा र अदालतसमक्ष बयान गरेको समेत पनि देखिएको छ। यी प्रतिवादीहरूबाट बरामद भएको लागू औषधको परिमाण हेर्दा समेत यी प्रतिवादीहरू लागू औषध सेवनकर्ता नै रहेको ठहर गर्न मिल्ने देखिँदैन। यस अवस्थामा यस अदालतबाट मिति २०७४।०३।२६ मा भएको फैसला नेपाल सरकार विरुद्ध अर्जुन भोटे भन्ने जीतबहादुर खत्री भएको लागू औषध मुद्दामा

(ने.का.प.२०६९, अंक ११, नि.नं. ८९२३) प्रतिपादित सिद्धान्तको प्रतिकूल भएको देखिँदा न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (२) को खण्ड (ख) को अवस्था विद्यमान रहेको देखिँदा प्रस्तुत मुद्दामा पुनरावलोकनको अनुमति प्रदान गरिएको छ भन्ने मिति २०७६।१०।१६ मा यस अदालतबाट भएको आदेश।

## ठहर खण्ड

२५. नियमबमोजिम पेसी सूचीमा समावेश भई निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान् नायब महान्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनी, विद्वान् सहन्यायाधिवक्ता श्री कृष्णराज पन्त तथा विद्वान् उपन्यायाधिवक्ता श्री भानदेव जोशीले प्रतिवादीहरू लागू औषध खैरो हेरोइन सेवनकर्ता समेत रहेको र निजहरू दुबैजना सल्लाह गरी काठमाडौंदेखि हेटौंडा हुँदै वीरगन्ज पुगी ठुलो परिमाणको लागू औषध खैरो हेरोइन खरिद गरी लिई गाडीमा चढेर ओसारपसारकै क्रममा हेटौंडातर्फ आइरहेकै अवस्थामा उक्त २४ ग्राम परिमाणको लागू औषध खैरो हेरोइन बरामद भएको र प्रतिवादीहरूले सो लागू औषधको सेवन तथा खरिद समेतमा साबित रही अदालतमा समेत बयान गरेको र कानूनले लागू औषधको सेवन, खरिद, सञ्चय र ओसारपसार समेतलाई कसूर कायम गरी सजायको व्यवस्था गरेकाले प्रतिवादीहरूलाई लागू औषधको सेवन तथा खरिद एवम् ओसारपसारतर्फ सजाय गर्ने गरी सुरु मकवानपुर जिल्ला अदालत र पुनरावेदन अदालत हेटौंडाको फैसला कानूनसम्मत भई मिलेको अवस्थामा यस अदालतको संयुक्त इजलासबाट केही उल्टी गरी सेवनतर्फ मात्र सजाय गर्ने गरी भएको फैसला नमिलेको हुँदा सो फैसला बदर गरी पुनरावेदन अदालत हेटौंडाको फैसलाबमोजिम नै प्रतिवादीहरूलाई सजाय हुनुपर्छ भनी प्रस्तुत गर्नुभएको बहस सुनियो।

२६. इजलासबाट प्रत्यर्थीहरूलाई पटकपटक पुकारा गर्न लगाउँदा समेत प्रत्यर्थीहरू तथा निजहरूका तर्फबाट बहस पैरवीका लागि कानून व्यवसायीको समेत उपस्थिति भएको देखिएन।

२७. प्रतिवादीहरू दुबैजनाले सल्लाह गरी हेटौंडा हुँदै वीरगन्ज गई बराबर रकम उठाई रु.७,५००।- मा लागू औषध ब्राउनसुगर खरिद गरी दुबैजनाले लागू औषध सेवनसमेत

गरेर ठुलो परिमाणको लागू औषध आफूसाथ राखी बसबाट हेटौंडातर्फ फर्किंदै गर्दा लागू औषध बरामद भई दुबै जना प्रतिवादीहरू पक्राउ परेको अवस्था, प्रतिवादीहरूले लागू औषधको सेवन, खरिद गरी साथै राखी लिएर बसमा हिंडेकोमा साबिती बयान गरेको अवस्था, बरामदी लागू औषधको परिमाण ठुलो रहेको, प्रतिवादीहरू स्वयम्ले सो बरामदी लागू औषध आफूहरूलाई १५ दिनको डोजको रहेको भनी स्वीकारी बयान गरेको समेतबाट प्रतिवादीहरूले लागू औषध (नियन्त्रण) ऐन,२०३३ ले पृथक पृथक रुपमा कसूर मानेको लागू औषधको सेवन, खरिद तथा ओसारपसार समेतका कसूरजन्य कार्य गरेको पुष्टि भैरहेको अवस्थामा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम लागू औषध ब्राउन सुगरको सेवन, खरिद तथा ओसारपसार समेतमा सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको मुख्य पुनरावेदन जिकिर रहेको पाइयो।

२८. यसमा मिति २०६८।८।१८ गते राती अन्दाजी २३:०० बजेको समयमा जिल्ला मकवानपुर, चुरियामाई-३ स्थित सडकमा सवारी साधनहरू रोकी चेकजाँच गर्ने क्रममा पिसाब फेर्न ओर्लेका प्रतिवादीहरू भुवन के.सी. र सागर कार्की समेतको तलासी गर्दा प्रतिवादी भुवन के.सी.को साथबाट लागू औषध खैरो हेरोइन २४ ग्राम फेला परेको र आफूहरू दुबैजनाले रक्सौलबाट खरिद गरी ल्याएको भनेकाले कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने समेतको प्रहरी प्रतिवेदन रही प्रतिवादीहरू भुवन के.सी. र सागर कार्की उपर लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) र (छ) बमोजिमको कसूरमा ऐ.ऐनको दफा १४(१)(छ)(१) बमोजिमको सजायको अभियोग मागदाबी रहेको देखियो ।सुरु मकवानपुर जिल्ला अदालतबाट प्रतिवादीहरूलाई ऐ.ऐनको दफा ४(च) र (छ)(१)को कसूरमा ऐ.ऐनको दफा १४(१)(ङ) बमोजिम क्रमशः सेवनतर्फ जनही १(एक) वर्ष कैद र ऐ.१४(१) (छ) बमोजिम लागू औषधको खरिद, सञ्चय र ओसारपसारतर्फ जनही ८(आठ) वर्ष कैद र रु.२०,०००।-(बीस हजार रुपैयाँ) जरिबाना हुने ठहरी मिति २०६८।१२।२१ मा फैसला भएको देखियो। सो फैसलाउपर प्रतिवादीहरूको तर्फबाट परेको पुनरावेदनमा उक्त सुरु फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६९।१२।०६ मा फैसला भएको र सो फैसलामा चित्त नबुझी प्रतिबादी भुवन के.सी. र सागर कार्कीले यस अदालतमा मुद्दा दोहोर्‍याई हेरिपाउन छुट्टाछुट्टै निवेदन गरेकोमा यस अदालतको संयुक्त इजलासबाट प्रतिवादीहरू सागर कार्की र भुवन के.सी.लाई लागू

औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) को कसूर कायम गरी सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम ८(आठ) वर्ष कैद र रु.२०,०००।-(बीस हजार रुपैयाँ) जरिबाना ठहर गरेको हदसम्म पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।१२।६ को फैसला उल्टी गर्दै ऐ.दफा ४(च) तर्फको अभियोग दाबीबाट प्रतिवादीले सफाई पाउने र सेवनतर्फ ऐ.ऐनको दफा १४(१)(ङ) बमोजिम प्रतिवादीहरूलाई जनही १(एक) वर्ष कैद सजाय हुने गरेको हदसम्मको पुनरावेदन अदालत हेटौंडाबाट भएको उक्त फैसला सदर गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०७४।३।२६ मा भएको फैसलामा चित्त नबुझी वादी नेपाल सरकारको तर्फबाट पुनरावलोकनको लागि निवेदन परी अनुमति प्राप्त गई निर्णयार्थ पेस हुन आएको देखियो।

२९. उपरोक्तानुसारको तथ्य एवम् बहस जिकिर रहेको प्रस्तुत मुद्दामा यस अदालतको संयुक्त इजलासबाट भएको फैसला मिलेको छ वा छैन ? पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन ? भन्ने विषयमा निर्णय दिनुपर्ने दिनुपर्ने देखिन आयो।

३०. निर्णयतर्फ विचार गर्दा, मिति २०६८।०८।१८ मा जिल्ला मकवानपुर, चुरियामाई-३ स्थित सडकमा सवारी साधनहरू रोकी चेकजाँच गर्ने बेलामा पिसाब फेर्न ओर्लेका प्रतिवादीहरू सागर कार्की र भुवन के.सी. समेतको तलासी गर्दा प्रतिवादी भुवन के.सी.को साथबाट लागू औषध खैरो हेरोइन २४ ग्राम फेला पारी बरामद गरिएको भन्ने बरामदी मुचुल्काबाट देखिई सो लागू औषध खैरो हेरोइन रहेको भन्ने परीक्षण प्रतिवेदन तथा प्रतिवेदकको बकपत्र समेतबाट देखिन्छ। उक्त बरामदी लागू औषध खैरो हेरोइनको परिमाण समेतको बरामदी मुचुल्कालाई स्वीकार गरी प्रतिवादीहरूले अनुसन्धानको क्रममा तथा अदालतमा समेत बयान गरेको देखिएबाट प्रतिवादीहरू दुबैजना सँगसाथ रही उक्त लागू औषध लिई हिंडेको अवस्थामा सो लागू औषध बरामद भएको तथ्यमा विवाद देखिएन।

३१. प्रतिवादीहरू दुबैजनाले आफूहरूले लागू औषध सेवन गर्ने गरेको, लागू औषध खरिद गर्नका लागि आफूहरू दुबैजनाले बराबर रकम हाली रु.७,५००।- मा लागू औषध खैरो हेरोइन खरिद गरी, एक-एक डोज सेवन गरी बाँकी बरामदी परिमाणको लागू औषध लिई गाडीमा दुबैजना सँगै आउँदै गर्दा सवारी चेकजाँचको क्रममा उक्त बरामदी लागू औषधसहित दुबैजना पक्राउ परेको भनी उल्लेख गरी अदालतमा समेत एकै मिलानको बयान बेहोरा उल्लेख गरेबाट निज प्रतिवादीहरू लागू औषधको सेवनकर्तासमेत रही सँगै सल्लाह गरी बराबरी

नगद उठाई लागू औषध खरिद गरी लिई प्रतिवादी भुवन के.सी.को साथमा राखी दुबैजना सँगै गाडीमा चढी उक्त लागू औषध लिएर हिँडेकै अवस्थामा लागू औषध बरामद भएको देखियो।

३२. प्रतिवेदकले अदालतमा उपस्थित भई बकपत्र गर्दा प्रतिवादी भुवन के.सी.को साथबाट लागू औषध बरामद भएको दुबैजना प्रतिवादीहरू लागू औषध सेवनका कारण लठ्ठ परेको अवस्थामा पक्राउ परेका भनी उल्लेख गरेको, अदालतमा गरेको बयानका क्रममा प्रतिवादीहरूले आफूहरूले आधा-आधा रकम मिलाई सेवन गर्न १५ दिनको डोजका लागि भनी सो लागू औषध खरिद गरी लिई एक-एक डोज आफूहरू दुबैजनाले लिई हेटौँडा आउन भनी बसमा चढी आउँदा सडकमा चेकजाँचका क्रममा आफूहरू लागू औषध सेवन गरी लठ्ठ अवस्थामा रहेको हुँदा प्रहरीले शङ्का गरी खानतलासी गर्दा उक्त लागू औषध बरामद गरेको भनी बयान बेहोरा उल्लेख गरेबाट प्रतिवादीहरू लागू औषध सेवनकर्तासमेत रही कानूनले निषेधित ठुलो मात्रामा लागू औषध खैरो हेरोइन खरिद गरी ओसारपसार गरिरहेको अवस्थामा लागू औषधसहित सँगै पक्राउ परेको देखिन्छ। दुबैजनाले आफूहरूले खरिद गरी लिएर आएको मध्येबाट एक-एक डोज सेवन गरी बाँकी उक्त २४ ग्राम लागू औषध खैरो हेरोइन साथमा लिई बसमार्फत आउँदै गरेको तथ्यलाई स्वीकार गरेको देखियो। यसबाट प्रतिवादीहरूले आफूहरूले बरामदित लागू औषध १५ दिनको डोजका लागि खरिद गरी लिएर आएको भन्ने प्रतिवादीहरू लागू औषध खैरो हेरोइनको सेवनकर्ता मात्रै रहेको नभई अतिरिक्त डोजको लागि समेत लागू पदार्थ खरिद तथा सञ्चय गरी साथमा लिई ओसारपसार गरेकै क्रममा लागू औषधसहित पक्राउ परेको तथ्य पुष्टि भैरहेको देखिन आयो।

३३. लागू औषधसम्बन्धी हाम्रो विद्यमान कानूनी व्यवस्थालाई हेर्दा, लागू औषध (नियन्त्रण) ऐन, २०३३ को प्रस्तावनामा सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्नको लागि लागू औषधको खेती उत्पादन, निर्माण, खरिद-बिक्री, सञ्चय, ओसारपसार, सेवन तथा निकासी पैठारी समेतमा नियन्त्रण गर्न बाञ्छनीय भएकोले भनी लागू औषधको खेती, उत्पादन, निर्माण, खरिद-बिक्री, सञ्चय, ओसारपसार, सेवन तथा निकासी पैठारी समेतका कार्य जनसाधारणलाई प्रत्यक्ष असर पुऱ्याउने सामाजिक, आर्थिक हित विपरीतको कसूरका रूपमा लिएको देखिन्छ भने र सो ऐनको दफा ४ को देहाय (च) ले लागू औषध खरिद गर्ने, सञ्चय गर्ने, राख्ने वा ओसारपसार गर्ने कार्यलाई र ऐ. (छ) ले

गाँजा बाहेक अन्य लागू औषध सेवन गर्ने कार्यलाई अलग अलग कसूरका रुपमा उल्लेख गरी निषेध गरेको र सोहीबमोजिम अलग अलग सजायको व्यवस्था गरेको पाइन्छ भने सो लागू औषधको सेवन तथा सञ्चय वा कारोबारका लागि यत्ति नै डोज वा परिमाण हुने भनी कतै कुनै मापदण्डको निर्धारण वा उल्लेख भएको देखिँदैन। यद्यपि ऐ. ऐनको दफा १४(१) (छ) (१) मा अफिम, कोका वा सोबाट बनेको लागू औषधको सेवन र खेती गर्ने कार्य बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई पच्चिस ग्रामसम्मको कारोबार गर्नेलाई पाँच वर्षदेखि दश वर्षसम्म कैद [illegible] पाँचहजार रुपैयाँदेखि पच्चिस हजार रुपैयाँसम्म जरिवाना हुने भन्ने व्यवस्था भएबाट २५ ग्रामभन्दा कम परिमाणको लागू औषधको समेत खरिद गर्ने, सञ्चय गर्ने, राख्ने वा ओसारपसार गर्ने कसूरजन्य कार्य हुन सक्ने भन्ने विधायिकी मनसाय प्रष्ट रहेको पाइन्छ।

३४. लागू औषधको अवैध ओसारपसार र दुर्व्यसन वर्तमान विश्वको एक प्रमुख अन्तर्देशीय संगठित अपराध (Transnational Organized Crime) हो। जसले कुनै एक निश्चित राष्ट्रको सीमालाई मात्र प्रभावित नगरी समग्र मानव सभ्यता, विश्व अर्थतन्त्र र अन्तर्राष्ट्रिय सुरक्षालाई समेत चुनौती दिइरहेको अवस्था छ। तसर्थ, लागू औषध नियन्त्रण विश्वव्यापी समस्याको रुपमा (As a global problem) रहेकोले यसको समाधान गर्न र संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूबिच समन्वय र सहकार्य गर्नका लागि संयुक्त राष्ट्रसंघीय विभिन्न महासन्धिहरू समेत भएको पाइन्छ। नेपालले UN Single Convention on Narcotics Drugs, 1961, UN Convention Against Illicit Traffic in Narcotics Drugs and Psychotropic Substance, 1988; UN convention on Psychotropic Substances, 1971 तथा SAARC Convention of Narcotic Drugs and psychotropic substance, 1990 लाई अनुमोदन गरिसकेको अवस्थामा नेपालले लागू औषध तथा मनोद्धिपक पदार्थसँग सम्बन्धित यस प्रकारका विशेष महासन्धिहरूको पक्ष राष्ट्र भैसकेको कारण यसका दायित्वहरू तथा लागू औषध अपराधको स्वरुप संगठित तथा अन्तर्देशीय अपराध (Organized and Transnational Crime) को भएको कारण यससँग सम्बन्धित यस्ता महासन्धिहरुलाई पालना गर्नु र यो गम्भीर कसूरजन्य कार्यको नियन्त्रणमा प्रभावकारिता ल्याउनु पक्ष राष्ट्रको हैसियतले नेपालको अन्तर्राष्ट्रिय दायित्व हुन आउँछ। विद्यमान लागू औषध (नियन्त्रण) ऐन, २०३३ ले "सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्नको

लागि लागू औषधको खेती, उत्पादन, निर्माण, खरिद-बिक्री, सञ्चय, ओसारपसार, सेवन तथा निकासी पैठारी समेतमा नियन्त्रण गर्न बाञ्छनीय भएको" भन्ने प्रस्तावनासहित लागू औषधको प्रयोग तथा ओसारपसार समेतका कारोबारलाई बर्जित गर्ने गरी अपराधीकरण गरेकोले उक्त कसूरजन्य कार्यहरूमा संलग्न कसूरदारलाई कानूनको दायरामा ल्याउनु पर्ने र कसूरदारले सोबापतको सजायबाट दण्डित हुनु नै पर्ने हुन्छ।

३५. लागू औषध खैरो हेरोइनको बिक्री वितरण, सञ्चय र ओसारपसारकै अभियोग दाबी रहेका लागू औषध मुद्दामा यस अदालतबाट भएको व्याख्यासम्बन्धी केही दृष्टान्तहरू यहाँ उद्धृत गर्न सान्दर्भिक हुने देखिन्छ।

- प्रतिवादीको साथमा यति परिमाणको लागू औषध फेला परे त्यो कारोबारको लागि हुने र यति परिमाणसम्म भए त्यो सेवनको लागि हुने सर्वमान्य सिद्धान्त वा मापदण्ड भएको नपाइने।[१]
- प्रतिवादीहरूले कुनै बाध्यतावश आपराधिक कार्यमा संलग्न रहनुपरेको हो भने यो अवस्था कसूरको गम्भीरता निर्धारणका बखत विचारणीय हुने विषय हो, तर कसूर नै कायम हुने वा नहुने भन्ने विषयको निर्धारण गर्दा प्रचलित कानूनको स्पष्ट प्रावधानबाट विचलित हुन मिल्दैन। अदालतले कतिपय अवस्थामा अभियुक्तको मानवीय पक्षलाई पनि विचार गर्नुपर्ने कुरालाई अन्यथा मान्न सकिंदैन तर यसो गर्दा पनि अदालतले प्रचलित कानूनकै अधीनमा रहेर गर्नुपर्ने हुन्छ। अदालत पनि कानूनभन्दा माथि रहँदैन भन्ने तथ्यलाई बिर्सन हुँदैन।[२]
- लागू औषध कहाँबाट, कोसँग खरिद गरी कहाँ बिक्री गर्न लागेको भन्ने कुरा नखुलेकै कारणबाट आरोपित कसूरबाट उन्मुक्ति पाउने आधार बन्न नसक्ने ।[३]
- लागू औषधसम्बन्धी अपराध निरपेक्ष दायित्वअन्तर्गत पर्ने अपराध भएको हुनाले जसबाट लागू औषध बरामद भएको छ, निजले सो लागू औषध कानूनबमोजिम प्राप्त गर्न वा राख्न पाउने हो भनी तथ्ययुक्तरूपमा प्रमाणित गर्न नसकेमा सोबाट सिर्जित दायित्वबाट

---

१ ने.का.प.२०७८, अंक २, नि.नं.१०६४१

२ ने.का.प.२०७९, अंक १२, नि.नं.१०९९९

३ ने.का.प.२०८०, अंक ३, नि.नं.११०५९

उन्मुक्ति प्राउन सक्ने अवस्था नहुने।[४]

- सेवन प्रयोजनलाई खरिद गर्ने र बिक्री बितरण गर्नेलाई खरिद हुने अवस्था छुट्याउन लागू औषधको परिमाणलाई हेरिनुपर्ने हुन्छ। सेवन प्रयोजनको लागि एक दुई डोजसम्मको लागि खरिद हुने हुँदा बरामद लागू औषध अत्याधिक मात्रामा देखिएकोले सेवनसम्मको लागि खरिद गरेको हो भन्न नमिल्ने।[५]

३६. उपर्युक्त बमोजिमका प्रतिपादित सिद्धान्त समेतको रोहमा प्रस्तुत मुद्दाको तथ्यलाई हेर्दा, प्रतिवादीहरूले आफूहरु दुबैजना सँगै परवानीपुर गई दुबैले बराबर रकम उठाई रु.७,५००।- मा लागू औषध खैरो हेरोइन खरिद गरी, दुबैजनाले एक-एक डोज सेवन गरी बाँकी २४ ग्राम परिमाणको लागू औषध लिई हेटौंडातर्फ लैजान गाडीमा चढी जाँदै गरेको र बाटोमा चेकजाँचका क्रममा बरामदित लागू औषधसहित दुबैजना पक्राउ परेको भनी आफूहरू दुबैजनाले मिलेरै लागू औषधको खरिद एवम् सेवन समेत गरी बरामदित लागू औषध लिई हिंडेको भनी अदालतमा समेत स्वीकारी बयान गरेको अवस्था देखिन्छ। निजहरूले तत्काल सेवन गर्न आवश्यक परिमाणभन्दा ठुलो परिमाणको र निजहरूले नै स्वीकार गरेको १५ दिनको डोजको लागू औषध एकैपटक खरिद गरी एक डोज सेवन गरी बाँकी परिमाण सञ्चित गरी लिई हिंडी ओसारपसार गरेको पुष्टि भैरहेको सन्दर्भमा यसै अदालतबाट प्रस्तुत मुद्दाको पुनरावलोकनको अनुमति प्रदान गर्दा एउटा महत्वपूर्ण आधारको रुपमा लिइएको यसै अदालतबाट ने.का.प. २०६९, अंक ११, नि.नं. ८९२३, नेपाल सरकार विरूद्ध अर्जुन भोटे भन्ने जीतबहादुर खत्री भएको लागू औषध मुद्दामा ***"सेवन प्रयोजनलाई खरिद गर्ने र बिक्री बितरण गर्नेलाई खरिद हुने अवस्था छुट्याउन लागू औषधको परिमाणलाई हेरिनुपर्ने हुन्छ। सेवन प्रयोजनको लागि एक दुई डोजसम्मको लागि खरिद हुने हुँदा बरामद लागू औषध अत्याधिक मात्रामा देखिएकोले सेवनसम्मको लागि खरिद गरेको हो भन्न नमिल्ने।"*** भनी प्रतिपादित सिद्धान्त अवलम्बन नगरी उक्त सिद्धान्त सम्बन्धमा इजलासको फरक दृष्टिकोण रहेको भए सोको आधार र कारणसहित व्याख्याको लागि पूर्ण इजलासमा पेस गर्ने आदेश गर्न सक्नेमा संयुक्त इजलासले त्यसो नगरी प्रतिपादित

---

[४] ने.का.प.२०७१, अंक ७, नि.नं.९२१३

[५] ने.का.प.२०६९, अंक ११, नि.नं.८९२३

सिद्धान्त प्रतिकूल फैसला गरेको देखिन आउँछ। यसलाई नजिरको पालना र न्यायिक अनुशासनको दृष्टिले उचित र मनासिब मान्न मिल्ने देखिंदैन। प्रतिवादीहरूले २४ ग्राम लागू औषध ब्राउनसुगर खरिद गरी ओसारपसार गरिरहेको स्थितिमा प्रस्तुत मुद्दामा प्रतिवादीहरूबाट केवल सेवनको कसूर मात्र गरेको भनी न्यायिक निष्कर्षमा पुग्न मिल्ने देखिंदैन। माथि प्रकरण नं. ३४ मा उद्धृत गरिएका न्यायिक सिद्धान्तहरू मध्ये नि.नं. ९२१३ र ८९२३ प्रस्तुत मुद्दाको लागि समेत सान्दर्भिक देखिन आयो। त्यसतर्फ आधार र कारण बिना संयुक्त इजलासले समूचित ध्यान नदिई फैसला गरेको देखिँदा प्रतिपादित नजिरको समेत त्रुटि विद्यमान देखियो। प्रतिवादीहरूले लिई हिंडेको २४ ग्राम लागू औषध खैरो हेरोइन निजहरूले नै स्वीकारेको आधारमा समेत एक दुई डोजभन्दा धेरै ठुलो परिमाणको रहेको र निजहरूले उक्त लागू औषध खरिद गरी सञ्चय समेतको प्रयोजनार्थ लिई बसमा हिंडी ओसारपसार गरेकै अवस्थामा पक्राउ परेबाट निजहरूले लागू औषधका सम्बन्धमा कानूनले पृथक-पृथक कसूरका रुपमा उल्लेख गरेको लागू औषधको सेवनको कसूर तथा खरिद, सञ्चय र ओसारपसारको समेतको कसूर गरेको पुष्टि हुन आएकाले निज प्रतिवादीहरूलाई अभियोग दाबी बमोजिम लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम लागू औषधको ओसारपसारमा समेत सजाय गर्नुपर्ने देखिन आयो ।

३७. अतः माथि विवेचित आधार कारणहरूबाट प्रतिवादीहरू भुवन के.सी. र सागर कार्कीलाई अभियोग दाबी बमोजिम लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) र (छ) को कसूरमा सोही ऐनको दफा १४(१)(ङ) र १४(१)(छ)(१) बमोजिम क्रमशः सेवनतर्फ १(एक) वर्ष कैद र सञ्चय तथा ओसारपसारतर्फ ८(आठ) वर्ष कैद र रु.२०,०००/- (बीस हजार रुपैयाँ) जरिबाना हुने ठहऱ्याई सुरु मकवानपुर जिल्ला अदालतबाट मिति २०६८।१२।२१ मा भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६९।१२।०६ मा भएको फैसला केही उल्टी गरी प्रतिवादीहरूलाई लागू औषधको सेवनको हदसम्म पुनरावेदन अदालत हेटौंडाको उक्त फैसला सदर गर्ने गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०७४।०३।२६ मा भएको फैसला मिलेको नदेखिंदा उल्टी भई प्रतिवादीहरू भुवन के.सी. र सागर कार्कीलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) र (छ) को कसूरमा ऐ.ऐनको दफा १४(१)(ङ) बमोजिम लागू औषधको सेवनतर्फ समेत जनही १(एक) वर्ष कैद र लागू औषधको खरिद, सञ्चय र ओसारपसारतर्फ

ऐ.ऐनको दफा १४(१)(छ)(१) बमोजिम जनही ८(आठ) वर्ष कैद र रु.२०,०००।- (बीस हजार रुपैयाँ) जरिवाना हुने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू:-

## तपसिल खण्ड

१. माथि ठहर खण्डमा लेखिएबमोजिम यस अदालत संयुक्त इजलासको फैसला उल्टी भई प्रतिवादीहरू भुवन के.सी. र सागर कार्कीलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा र ४(च) र (छ) को कसूरमा ऐ. ऐनको दफा १४(१)(ङ) बमोजिम जनही १(एक) वर्ष कैद र ऐ. ऐनको दफा १४(१) (छ)(१) बमोजिम जनही ८(आठ) वर्ष कैद र रु.२०,०००।- (बीस हजार रुपैयाँ) जरिबाना हुने ठहरेकाले सोही बमोजिमको कैद र जरिबानाको लगत संशोधन गरी असूल गर्नु भनी सुरु मकवानपुर जिल्ला अदालतमा लेखी पठाउनू।

२. यो फैसलाको प्रतिलिपि सहितको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनू।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस अदालतको मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी फैसलाको पीठमा जनाउनू।

४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला सहितको मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाई दिनू।

(अब्दुल अजीज मुसलमान)
न्यायाधीश

उक्त रायमा हामी सहमत छौं।

(टेकप्रसाद ढुङ्गाना)
न्यायाधीश

(मनोजकुमार शर्मा)
न्यायाधीश

इजलास अधिकृत(उप-सचिव): महेन्द्र प्रसाद अधिकारी
कम्प्युटर अपरेटर: मन्जिता ढुंगाना
इति संवत् २०८३ साल वैशाख १० गते रोज ५ शुभम् ............................।